# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

## प्रेस विज्ञप्ति

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७३ श्रावण २५

### कैदी वन्दीहरुलाई तत्काल सुरक्षित स्थानमा स्थानान्तरण गर्न आयोगको आग्रह

पहिरोको कारण जिल्ला कारागार खोटाङको भवन क्षतिग्रस्त भई कारागारमा रहेका कैदी बन्दीहरुको जीवन जोखिममा रहेको सम्बन्धमा आयोगको टोलीले तत्कालै स्थलगत अनुगमन गरेको छ । अनुगमनबाट प्राप्त तथ्य अनुसार महिला कैदी बन्दी बसेको भवन यसअघि नै चर्कने, भत्कने गरेकोमा गत श्रावण १६ गतेको बर्षाको कारण कारागार भवन भत्किई कारागारको मूल भवन र दुईवटा सुरक्षा पोष्टको चर बगाएको, महिला कैदी बन्दी रहेको भवनको पर्खाल चिरा चिरा भएको, कारागारको कम्पाउण्डको केही भाग र ढल समेत बगाएको पाइएको छ । साथै कारागारको शौचालयको सेफ्टि ट्याङ्की भत्किएर दुर्गन्ध फैलिएको र पहिरोको दायाँ बायाँ करिव ९-१० मिटर जति खण्ड लच्किएको पाइएको छ । कारागार भवन पूर्ण क्षतिग्रस्त भएको र त्यहाँ हाल ९४ जना पुरुष, १४ जना महिला र ५ जना आश्रित बालबालिका रहेका छन् ।

यस्तै गरी, महिला कैदीहरुको शौचालय र भान्छा कोठासँगै भएको कारण स्वास्थ्यमा समस्या परेको, बालबच्चा विरामी परेको, समयमा औषधी उपचार नपाउने गरेको, दुषित खानेपानी र ढुसी आएर अमिलिएको चामलको कारण कैदी वन्दीको स्वास्थ्य अवस्था विग्रँदै गएको आयोगको अनुगमनबाट पाइएको छ ।

कारागारहरुको अवस्था अनुगमन गरी यस अघि २०७२ असार २७ मा कारागार सुधारकोलागि आयोगले सिफारिश गरेकोमा हालसम्म कार्यान्वयन नहुनु दुःखद् पक्ष हो । खोटाङ कारागारका कैदीबन्दीहरुलाई तत्काल सुरक्षित स्थानमा सार्न आयोगले गृह मन्त्रालयलाई पत्राचार गरेको छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानव अधिकार कानुनद्वारा प्रदत्त सुरक्षित रुपमा बाँच्न पाउने प्रत्येक व्यक्तिको जीवन र स्वास्थ्यको अधिकारबाट जिल्ला कारागार खोटाङका कैदी बन्दीहरु बञ्चित हुनेपरेको, पर्खाल चिरापरेका कारण जुनसुकै बेला उनिहरुको जीवन थप संकटमा पर्ने देखिएकोले कैदी वन्दिहरुलाई तत्कालै स्थानान्तरण गर्न आयोग नेपाल सरकारको पुनः ध्यानाकर्षण गराउँदछ । प्राकृतिक प्रकोपबाट मानवीय क्षति हुन नदिने तर्फ संवेदनशीलता देखाई परिस्थितिलाई मध्यनजर राखी आवश्यक पर्ने उपकरण र अन्य सामग्रीको यथोचित व्यवस्था गर्न पनि आयोग आग्रह गर्दछ ।

.....................
मोहना अन्सारी
सदस्य/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015, Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: ww.nhrcnepal.org